# प्रादेशिक कृषि दर्पणको १६ औं अंक प्रकाशनको लागि लेखरचना पठाउने सम्बन्धी सूचना

उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कोशी प्रदेश विराटनगरद्वारा नियमित रुपमा प्रकाशन हुँदै आईरहेको प्रादेशिक कृषि दर्पणको **सोहौं (१६ औं) अंक** पनि प्रकाशन गर्न लागिएको हुँदा कृषि सम्बन्धी लेखरचना पठाउन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तपसिल शर्तहरु बमोजिम मिति २०८१ चैत्र २४ गते आईतबारका दिनसम्म आफ्नो लेखरचनाहरु पठाउनुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

## लेखरचनाहरु पठाँउदा ध्यान दिनुपर्ने कुराहरु

१. यस दर्पणमा नेपाली भाषामा लेखिएको कृषि प्रविधिमा आधारित साथै कृषि विकासमा टेवा पुग्ने प्राविधिक, सामाजिक, आर्थिक पक्षको विश्लेषणात्मक रचनालाई उचित स्थान दिईने छ।

२. यस दर्पणमा जो कोहीले पनि आफ्ना लेखरचना रचना पठाउन सकिनेछ।

३. लेखहरु पठाउँदा कालिमाटी फन्ट (१२ पोइन्ट) वा प्रिती फन्ट (१६ पोइन्ट) मा टाइप गरिएको र चारैतिर १/१ ईन्च छोडेर १००० देखि २५०० शब्दमा लेखिएको हुनुपर्नेछ र सो लेखलाई कृषि विकास निर्देशनालयको **Website: doad.p1.gov.np** को **Submit Article Section** बाट आवश्यक विवरण भरेर अपलोड गर्नुपर्नेछ। हस्त लिखित लेखहरु मान्य हुने छैन।

४. उपयोगी अनुदित लेखलाई पनि स्थान दिईनेछ, तर मुल लेखकको नाम र पुस्तकको नाम पनि उल्लेख भएको हुनुपर्नेछ। आधार लिईएको लेख भए सो पत्रिका वा पुस्तकको नाम साभार गर्नुपर्दछ तर अन्यत्र प्रकाशित लेख हुबहु प्रकाशित गरिने छैन।

५. लेखसँङ्ग मिल्ने उपयुक्त फोटो पठाएमा त्यसलाई समेत समावेश गरी प्रकाशित गरिनेछ।

६. लेखकको नाम, पद, आफु कार्यरत कार्यालय, ठेगाना र ईमेल स्पष्टसँग उल्लेख हुनुपर्नेछ। उक्त विवरणहरु पूर्ण नभएमा त्यस्तो लेख प्रकाशन हुने छैन। साथै, आफ्नो PP साइजको फोटो पनि पठाउनु पर्नेछ ।

७. लेखकले लेख प्रकाशित भए वापत तोकिएको पारिश्रमिक पाउने छन् र पारिश्रमिक लेख प्रकाशित भएको आर्थिक वर्ष भित्रमा सम्बन्धित वैंक खातामा जम्मा गरिदिइनेछ। लेखरचना सँगै आफ्नो वैंक खाता विवरण अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

८. यस दर्पणमा प्रकाशित लेखहरुको आंशिक वा पूर्ण भाग जो कोहीले पनि प्रकाशन गर्न पाउनेछ, तर दर्पणलाई सन्दर्भ सामाग्रीको रुपमा निर्दिष्ट गर्नु पर्नेछ।

९. पठाईएका लेखहरु छाप्ने, नछाप्ने वा केही परिमार्जन गरी छाप्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहित रहनेछ र माथि उल्लेखित मापदण्ड पुरा नभएको लेखहरु छाप्न सम्पादक मण्डल बाध्य हुने छैन।

१०. लेख प्रकाशन भएको जानकारी र पत्रिकाको प्रति लेखकको ईमेल ठेगानामा पठाइनेछ र यस पत्रिकाका लागि पठाइएका लेखरचना एक आ.व. सम्म निर्देशनालयसँग रहनेछन् र एक आ.व. भित्र विभिन्न अङ्कहरुमा प्रकाशित हुन सक्नेछ।

११. अप्रकाशित रहेमा लेख रचना फिर्ता दिन सम्पादक मण्डल बाध्य हुने छैन।

१२. यस दर्पणमा प्रकाशित लेखरचनाको विषय तथा विचारहरु लेखकको निजी हुने भएकोले यसमा सम्पादक मण्डल तथा कृषि विकास निर्देशनालय, कोशी प्रदेश जवाफदेही हुने छैन।

१३. अन्य केहि बुझ्नु परेमा doadp1planning@gmail.com मा ईमेल गर्न सकिनेछ ।

### लेखरचनाको प्रकारहरु

१. मौलिक अध्ययन, अनुसन्धानको नतिजा र खोजको आधारमा कृषि विकासको विभिन्न पक्षमा सहयोग पुर्‍याउने लेख

२. सन्दर्भको आधारमा तयार पारिएको लेख

३. अनुभव एवं सफलताको आधारमा तयार पारिएको लेख

४. कविता, कृषि गतिविधि र अन्य छोटा लेखहरु

५. जेटिए र बुढि आमा

६. पुस्तिका

२०८१/११/२३

वरिष्ठ बागवानी विकास अधिकृत
(अधिकृतस्तर नवौं तह)